नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

तनहुँ

☎ ०६५-५६५२०४

फ्याक्स-०६५-५६०१०७

पत्र संख्या :-०७७/७८
चलानी नम्बर ५६३५

मिति २०७८।०१।२८

**विषय: निर्णय प्रति पठाईएको सम्बन्धमा ।**

श्री गृह मन्त्रालय
(शान्ती सुरक्षा तथा अपराध नियन्त्रण शाखा)
सिंहदरबार, काठमाण्डौ ।
श्री गृह मन्त्रालय
(विपद् प्रतिकार्य शाखा)
सिंहदरबार, काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
गण्डकी प्रदेश, पोखरा कास्की ।
श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
गण्डकी प्रदेश, पोखरा कास्की ।
श्री जिल्ला स्थित सम्पुर्ण सरकारी कार्यालय/सुरक्षा निकाय/स्थानीय तहहरु, संस्थान, तनहुँ ।
श्री जिल्ला स्थित सम्पुर्ण संचारकर्मीहरु सबै , तनहुँ ।

प्रस्तुत विषयमा आज मिति २०७८।०१।२८ गतेका दिन प्रमुख जिल्ला अधिकारी सागर आचार्यज्यूको अध्यक्षतामा बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकको निर्णय प्रति पाना-४ अवगतार्थ यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

२०७८।१।२८

(चित्राङ्गत बराल)
सहायक प्रमुख जिल्ला अधिकारी

मिति २०७८ साल बैशाख २८ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री सागर आचार्यज्यूको अध्यक्षतामा बसेको कोभिड-१९ संग सम्वन्धित तनहुँ जिल्ला कोभिड-१९संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकमा निम्न बमोजिमको उपस्थितिमा कोभिड-१९ कोरोना संक्रमण महामारी रोकथाम तथा नियन्त्रण सम्वन्धमा देहाय बमोजिमको निर्णयहरु गरियो ।

| | | |
|---|---|---|
| १. | प्रमुख जिल्ला अधिकारी श्री सागर आचार्य | - संयोजक |
| २. | जिल्ला समन्वय अधिकारी श्री प्रेमराज गिरि | - सदस्य |
| ३. | प्रमुख प्रशासकिय अधिकृत श्री डिल्लीराम सिग्देल , ब्यास न.पा. | - सदस्य |
| ४. | प्रमुख सेनानी श्री मनोज गुरुङ्ग, कालीभञ्जन गण(ई)चापाघाट | - सदस्य |
| ५. | प्रहरी उपरिक्षक श्री अरुण पौडेल, जिल्ला प्रहरी कार्यालय | - सदस्य |
| ६. | शसस्त्र प्रहरी उपरिक्षक संजय भट्टराई,शसस्त्र प्रहरी वल, मनकामना गण | - सदस्य |
| ७. | उप-अनुसन्धान निर्देशक श्री शेरजंग बहादुर चन्द, रा.अ.जिल्ला कार्यालय | - सदस्य |
| ८. | मे.सु.डा. सुनिल पौडेल, दमौली अस्पताल,तनहुँ | - सदस्य |
| ९. | श्री पबिन्द्र कुमार श्रेष्ठ, अध्यक्ष, उद्ध्योग बाणिज्य संघ,तनहु | - सदस्य |
| १०. | कार्यालय प्रमुख श्री शंकरबाबु अधिकारी, जिल्ला स्वास्थ्य कार्यालय | - सदस्य |
| ११. | सहायक प्रमुख जिल्ला अधिकारी श्री चित्राङ्गत बराल | - सदस्य सचिव |

बिशेष आमन्त्रित

| | | |
|---|---|---|
| १ | जिल्ला समन्वय प्रमुख श्री शान्तिरमण वाग्ले | - सल्लाहकार |
| २. | प्रमुख श्री बैकुण्ठ न्यौपाने , ब्यास न.पा. | |
| ३. | प्रमुख श्री उदयराज गौली , भानु न.पा. | |
| ४. | प्रमुख श्री किसान गुरुङ , शुक्लागण्डकी न.पा. | |
| ५. | प्रमुख श्री मेख बहादुर थापा ,भिमाद न.पा. | |
| ६. | अध्यक्ष श्री गिर बहादुर थापा , आँबुखैरेनी गा.पा. | |
| ७. | अध्यक्ष श्री दुर्ग बहादुर थापा , देवघाट गा.पा. | |
| ८. | अध्यक्ष श्री रन बहादुर राना , घिरीङ गा.पा. | |

९. अध्यक्ष श्री पूर्ण सिंह थापा, बन्दीपुर गा.पा.

१०. अध्यक्ष श्री मायादेवी राना, म्याग्दे गा.पा.

११. अध्यक्ष श्री राजेन्द्र कृष्ण श्रेष्ठ, ऋषिङ्ग गा.पा.

आमन्त्रित

१. निर्देशक श्री राम कुमार श्रेष्ठ, जी.पी. कोईराला स्वास प्रश्वास केन्द्र, बेलचौतारा, तनहुँ

२. रामप्रमोद मण्डल, आर्युवेद कार्यालय, तनहुँ

३. विमला थापा उपाध्यक्ष देवघाट गा.पा.

४. श्री उज्वल पौडेल अध्यक्ष, नेपाल पत्रकार महासंघ, तनहुँ

५. गिनु माया थापा उपाध्यक्ष ऋषिङ्ग गा.पा.

०७८/१/२८

बैठकका ऐजेण्डाहरु

१. समन्वय र सहयोग सम्बन्धमा ।

२. अनुगमन र परामर्श सम्बन्धमा ।

३. एम्बुलेन्सको व्यवस्थापन सम्बन्धमा ।

४. स्वास्थ्य संस्थामा आईसोलेशन वेडको प्रबन्ध सम्बन्धमा ।

५. स्वास्थ्य सामाग्री र सब व्यवस्थापनका आवश्यक समाग्रीको प्रबन्ध मिलाउने सम्बन्धमा ।

निर्णय नं. १

पूर्व वैठकका निर्णयहरुको कार्यान्वयनको स्थिति, कामको प्रगतिको वारेमा छलफल तथा समिक्षा गरियो ।

निर्णय नं. २

समन्वय र सहयोग सम्बन्धमा छलफल हुँदा होम आईसोलेशनमा र स्वास्थ्य संस्थामा रहेका संक्रमितहरुसँग स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुलाई निरन्तर सम्पर्कमा राख्न लगाउने । संक्रमितलाई थप उपचारका लागि अस्पताल सम्म लैलान पर्दा सम्बन्धित अस्पतालका प्रमुखसँग स्वास्थ्य शाखा प्रमुखले समन्वय गर्न लगाउने । सबै स्थानीय तहमा रहने स्वास्थ्य संस्थाका आईसोलेशनमा विरामीको अवस्था र दिनु पर्ने सेवाको आधारमा संक्रिमतको उपचारको प्रबन्ध गर्ने । संक्रमितलाई उपचारका लागि पोखरा र अन्य अस्पतालमा पठाउनु पर्दा अस्पतालका विशेषज्ञ डाक्टले पठाउनु पर्ने अस्पतालसँग समन्वय गरि पठाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. ३

अनुगमन र परामर्श सम्बन्धमा छलफल हुँदा स्थानीय तहमा स्वास्थ्य शाखा प्रमुख रहने गरि गठन भएको अनुगमन समितिले होम आईसोलेशन र क्वारेण्टाईनको अनुगमनमा जिम्वार बनाउने । अनुगमन गर्दा होम आईसोलेशनमा रहेका संक्रमित र क्वारेण्टाईनमा रहेका व्यक्तिहरुले स्वास्थ्य र सुरक्षाको मापदण्ड गरेको नपाइएमा सम्झाउने बुझाउने र सो गर्दा समेत नमानेमा कानून अनुसार कारवाहि गर्न सम्बन्धित निकायमा अनुगमन समितिले सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

एम्बुलेन्सको व्यवस्थापन सम्बन्धमा छलफल हुँदा प्रत्येक स्थानीय तहले आफु अन्तर्गत रहेका एम्बुलेन्सलाई तयारी अवस्थामा राख्ने एवं संक्रमितलाई जति सुकै बेला अस्पताल लैजानु पर्दा स्वास्थ्य शाखा प्रमुखको निर्देशनमा एम्बुलेन्स चल्ने व्यवस्था मिलाउने । आफ्नो स्थानीय तह अन्तर्गत संचालित एम्बुलेन्सले यस्तो अवस्थामां पनि अटेर गरेमा कारवाहीको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

स्वास्थ्य संस्थामा आईसोलेशन बेडको प्रबन्ध सम्बन्धमा छलफल हुँदा २०७८।०१।२६ गते भएको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको निर्णय अनुसार आ-आफ्ना स्थानीय तहमा रहेका स्वास्थ्य संस्थामा सके सम्म धेरै आईसोलेशन बेडको प्रबन्ध गर्ने त्यस्ता आईसोलेशनमा स्वास्थ्य प्राविधिकको उचित प्रबन्ध स्थानीय तहले मिलाउने निर्णय गरियो।

निर्णय नं. ६

स्वास्थ्य सामाग्री र सव व्यवस्थापनका आवश्यक समाग्रीको प्रबन्ध मिलाउने सम्बन्धमा छलफल हुँदा प्रत्येक स्वास्थ्य संस्थामा पर्याप्त स्वास्थ्य समाग्री र औषधिको प्रबन्ध गर्ने। प्रत्येक स्थानीय तहले आ-आफ्नो स्थानीय तहमा हुन सक्ने संक्रमितको मृत्यु भएको खण्डमा सव व्यवस्थापन गर्न आवश्यक पर्ने सवारी साधन, सव वाहन, पि.पि.ई., डेड वडी ब्याग लगायतको सम्पूर्ण सामाग्रीको व्यवस्था स्थानीय तहले अग्रीम तयारी गर्ने निर्णय गरियो।

निर्णय नं. ७

दमौलीमा रहेको साविकमा पनि आइसोलेशन संचालन भएको कृषि विकास बैंकको पुरानो भवनमा होम आईसोलेशनमा बस्न स्थान नभएका विपन्न व्यक्तिहरुका लागि स्वास्थ्यकर्मी र अक्सिजनको सुविधा सहित ब्यास न.पा. ले सामुहिक आइसोलेशन सेन्टर संचालन एवं व्यवस्थापन गर्ने र उक्त आईसोलेशनमा कृषि विकास बैंकका संक्रमित कर्मचारीहरुलाई आवश्यक भएमा प्राथिमकता दिई राख्ने समेत निर्णय गरियो।

निर्णय नं. ८

कोभिड-१९ का संक्रमितहरुको उपचारमा समन्वय गर्न निम्न अनुसारको Quick Response Team (QRT) गठन गर्ने निर्णय गरियो।

(क) स.प्र.जि.अ. श्री चित्राङ्गत बराल, जिल्ला प्रशासन कार्यालय, तनहुँ - संयोजक

(ख) प्र.ना.उ. श्री युवराज तिमिल्सिना, जिल्ला प्रहरी कार्यालय, तनहुँ - सदस्य

(ग) मे.सु. डा. सुनिल पौडेल, दमौली अस्पताल, तनहुँ -सदस्य

(घ) का.प्र. शंकरबाबु अधिकारी, स्वास्थ्य कार्यालय, तनहुँ -सदस्य